# प्रेश विज्ञप्ती

आज मिति २०८० साल कार्तिक १५ गते बुधबार, महालेखापरीक्षकको कार्यालयमा आयोजित एक कार्यक्रममा श्रीमान् कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले समक्ष महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीबाट आर्थिक वर्ष २०७९।८० को संघीय सञ्चित कोषको वित्तीय विवरण र सरकारी कार्यालयहरुको PAMS मा आधारित सम्पत्ति विवरण पेश गर्नुभएको छ।

कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट उपमहालेखापरीक्षकहरु, नायव महालेखापरीक्षकहरु, निर्देशकहरु तथा अन्य कर्मचारीको सहभागिता थियो भने महालेखा नियन्त्रक कार्यालयबाट सहमहालेखा नियन्त्रक, उपमहालेखा नियन्त्रक तथा अन्य कर्मचारीको सहभागिता रहेको थियो।

यस कार्यक्रमको सहजीकरण उपमहालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले गर्नुभएको थियो भने नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) मा आधारित वित्तीय विवरणमा समावेश भएका विषयको व्यहोरा सहमहालेखा नियन्त्रक श्री थान प्रसाद पंज्ञानीबाट प्रस्तुत भएको थियो।

उक्त अवसरमा महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीले प्रतिवेदन तयारीमा सबै संघीय मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त भएको सहयोगले समयमा नै एकीकृत वित्तीय विवरण तयार गर्न सकिएको जानकारी गराउदै विभिन्न सूचना प्रविधि प्रणालीको सहजताले समयमा एकिकृत वित्तीय तयार गर्न सहज भएको र प्रणालीहरुबीच अन्तरआवद्धता गर्नुपर्ने आवश्यकता रहेको बताउनु भएको थियो।

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले समयमानै एकीकृत वित्तीय विवरण तयार गरी पेश गरेकोमा महालेखा नियन्त्रक एवं प्रतिवेदन तयारीमा संलग्न कार्यालयका सबै कर्मचारीहरुलाई धन्यवाद दिनु भएको थियो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियम बमोजिम संघीय सरकारको खर्चको लेखाङ्कन, प्रतिवेदन तयारी, आन्तरिक लेखापरीक्षण र एकीकृत वित्तीय विवरण तयारी कार्य समयमै सम्पन्न गरी पेश गर्नु सह्रानीय कार्य भएको उल्लेख गर्दै पुजिगत खर्चमा कमी आउनु, सञ्चित कोषका हिसाव ऋणात्मक हुनु, म्याद नाघेको पेश्की समयमै फर्स्यौट नहुनु, आन्तरिक तथा बाह्य ऋण बढ्दै जानु, सरकारको वास्तविक सम्पत्ति यकिन नहुनु आदि विषय गम्भिर रहेको उल्लेख गर्दै आर्थिक अनुशासन कायम गर्न सरकारको खर्च क्षमता बढाउनु पर्ने, बास्तविक सम्पत्तिको यथार्थ अभिलेख राखी मर्मत सम्भार तथा उपयोगमा ध्यान दिनुपर्ने, आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्ने, लेखा समूहको कर्मचारीको क्षमता विकास गर्नुपर्ने कुरामा जोड दिदै आगामी वर्ष महालेखापरीक्षकको कार्यालयले सबै मन्त्रालयहरुको वित्तीय विवरणको प्रमाणीकरण सहित राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिने जानकारी गराउनु भएको थियो।






(वैकुण्ठ बहादुर अधिकारी)
प्रवक्ता/ नायव महालेखापरीक्षक